# पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:**

पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरुको नियन्त्रण गर्दै पशु स्वास्थ्यको सुनिश्चितता, पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि, जुनोटिक रोगहरुको नियन्त्रण तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण गर्न स्थानीय तहसँगको समन्वयमा पशुलाई नियमित रुपमा खोप लगाउने व्यवस्था गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ख) "पशु" भन्नाले गाई, भैंसी, भेडा, बाख्रा, बंगुर तथा कुकुर सम्झनु पर्छ।

(ग) "पूर्ण खोप" भन्नाले अनुसूची १ मा उल्लेखित तालिका अनुसार लगाईने खोप सम्झनु पर्छ।

(घ) "पूर्ण खोपयुक्त क्षेत्र" भन्नाले खोप कार्यक्रम कार्यन्वयन भएको क्षेत्र (स्थानीय तह/जिल्ला/प्रदेश) मा सर्भेक्षण गर्दा प्रजाति अनुसार तत्काल कायम रहेका खोप लगाउन योग्य पशुहरुको संख्याको कम्तिमा ८० प्रतिशत पशुमा पूर्ण खोप लगाएको क्षेत्र सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(च) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

## परिच्छेद २

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

३. **कार्यक्रम कार्यान्वयनको क्षेत्रः** यस कार्यक्रम गण्डकी प्रदेश भित्रका स्थानीय तहमा क्रमशः कार्यान्वयन गरिनेछ।

४. **स्थानीय तह छनौटः** (१) विज्ञ केन्द्रले देहायका आधारमा कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनौट गर्नेछ।

(क) पशुको संख्या,

(ख) रोगबाट हुन सक्ने आर्थिक नोक्सानी,

(ग) जनस्वास्थ्यमा पर्न सक्ने प्रभाव,

(घ) रोगको प्रकोपको अवस्था,

(ङ) पशुको ओसार पसार हुने क्षेत्र, र

(च) व्यवसायिक पशुपालनको अवस्था।

(२) विज्ञ केन्द्रले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिमको खोप कार्यक्रममा सहभागी हुनु कृषकहरुको कर्तव्य हुनेछ। खोप कार्यक्रममा सहभागी नहुने कृषकहरुलाई सम्वन्धित स्थानीय तह र विज्ञ केन्द्रले आफूले प्रवाह गर्ने अन्य सेवा सुविधाबाट वञ्चित गर्न सक्नेछ।

५. पशु तथ्याङ्क संकलनः (१) विज्ञ केन्द्रले छनौट भएका स्थानीय तहका पशुको तथ्याङ्क अनुसूची २ को ढाँचामा संकलन गर्नेछ।

(२) विज्ञ केन्द्रले प्रत्येक घरधुरीको पशु तथ्याङ्क संकलन गर्न भौगोलिक अवस्था, क्षेत्रफल, यातायातको सुविधा, कृषक घरधुरीको घनत्व जस्ता आधारमा आवश्यक श्रम कार्य दिन (Man-day) निर्धारण गरी बढीमा पन्ध्र दिनको अवधिका लागि गणकहरु करारमा लिन सक्नेछ।

(३) विज्ञ केन्द्रले तथ्याङ्क प्राप्त भएको पन्ध्र दिनभित्र तथ्याङ्क प्रशोधन तथा विश्लेषण गरी पशुको प्रजाति अनुसार खोप लगाउन न्यूनतम उमेर पुगेका पशुको संख्या निर्धारण गर्नेछ।

(४) विज्ञ केन्द्रले न्यूनतम एस.ई.ई. वा सो सरहको योग्यता भएका नेपाली नागरिकलाई गणकको रूपमा करारमा नियुक्ति दिनु पर्नेछ। गणकलाई नियुक्ति दिंदा उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहका नागरिकलाई नियुक्ति दिनु पर्नेछ।

६. प्रचार प्रसारः विज्ञ केन्द्रले सम्वन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्वन्धमा स्थानीय तह, वडा तथा टोलस्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

७. आवश्यक सामग्री खरिद तथा भण्डारणः (१) नेपाल सरकार पशु सेवा विभाग मातहतका निकायहरुबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा विज्ञ केन्द्रहरुको माग अनुसारको परिमाण निर्देशनालयले सम्वन्धित निकायहरुसँग समन्वय गरी उपलब्ध गराउने छ। खोप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप खोपहरु सम्वन्धित विज्ञ केन्द्रले खरिद गर्न सक्नेछ।

तर, विज्ञ केन्द्रहरुबाट माग संकलन गरी वितरण विन्दु र भुक्तानी गर्ने निकाय सम्वन्धित विज्ञ केन्द्र हुने गरी निर्देशनालयले एकमुष्ठ संख्यामा खरिद गर्न यस दफाको व्यवस्थाले बाधा पुगेको मानिने छैन।

(२) खोप कार्यका लागि अनुसूची ३ बमोजिमका आवश्यक सामग्रीहरु विज्ञ केन्द्रले समयमा नै व्यवस्था गर्नु पर्नेछ।

(३) निर्देशनालयले खोप भण्डारणका लागि एक प्रादेशिक पशुपन्छी खोप बैङ्क सञ्चालनमा ल्याउनेछ।

८. खोपकर्ताको छनौट तथा अभिमुखीकरणः (१) विज्ञ केन्द्रले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि./जे.टि.ए. तालिम वा भेटेरिनरी/पशु विज्ञान विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली

नागरिकलाई खोपकर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ। खोपकर्ता नियुक्ति गर्दा उपलब्ध भएसम्म सम्वन्धित स्थानीय तहका प्राविधिकलाई नियुक्ति दिनु पर्नेछ।

(२) दफा ५ बमोजिम संकलन गरिएको तथ्याङ्क, भौगोलिक अवस्था, क्षेत्रफल, कृषक घरधुरीको घनत्व जस्ता आधारमा खोप लगाउन आवश्यक पर्ने श्रम कार्य दिन (Man-day) निर्धारण गरी पन्ध्र दिनभित्र खोप कार्य सम्पन्न गर्ने गरी सो अवधिका लागि विज्ञ केन्द्रले खोपकर्ता करारमा नियुक्ति गर्नेछ।

(३) विज्ञ केन्द्रले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनुपर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिन अभिमुखीकरण कार्यक्रम गर्नेछ।

९. **खोप कार्यक्रमः** (१) गाईभैंसी तथा बंगुरका लागि सम्बन्धित फार्ममा र भेडाबाखा तथा कुकुरको लागि कुनै स्थान तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) खोप लगाईसकेपछि अनुसूची ४ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ।

(३) एउटै जनावरलाई दुई वटा खोप लगाउनु परेमा कम्तिमा एक हप्ताको फरकमा खोप लगाउनु पर्नेछ।

(४) खोपकर्ताहरुले अनुसूची ५ बमोजिमको खोप कार्यक्रमको प्रगति विवरण सम्वन्धित स्थानीय तहबाट प्रमाणित गराई विज्ञ केन्द्रलाई पठाउनु पर्नेछ। विज्ञ केन्द्रले खोप कार्यको प्रगति प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालयलाई पठाउनु पर्नेछ।

## परिच्छेदः ३

## अनुगमन मुल्याङ्कन

१०. **खोप कार्यक्रमको अनुगमनः** निर्देशनालय तथा मन्त्रालयले खोप कार्यक्रमको अनुगमन गर्नेछ।

११. **खोपको प्रभावकारिता मूल्याङ्कनः** खोपको प्रभावकारिता मूल्याङ्कन पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा र सम्वन्धित विज्ञ केन्द्रको समन्वयमा निर्देशनालयले गर्नेछ। यसका लागि खोप लगाएको २१ दिन पछि मन्त्रालयले तोके अनुसारको संख्यामा सिरमको नमूना संकलन तथा परीक्षण गरी खोपले पशुको शरीरमा विकास गर्ने प्रतिरोधात्मक क्षमता (Antibody titer) को परीक्षण गरिनेछ।

## परिच्छेदः ४

## पूर्ण खोपयुक्त क्षेत्र घोषणा कार्यक्रम

१२. **पूर्ण खोपयुक्त क्षेत्र घोषणाः** (१) देहायका आधारमा पूर्ण खोपयुक्त क्षेत्र घोषणा गरिनेछः-

(क) प्रजाति अनुसार खोप लगाउन योग्य पशु संख्याको कम्तिमा ८० प्रतिशतमा पूर्ण खोप लगाएको हुनुपर्ने र

(ख) खोपले पशुको शरीरमा विकास गरेको प्रतिरोधात्मक क्षमता (Antibody titer) परीक्षण गर्दा मन्त्रालयले तोकेको मापदण्ड अनुसार भएको हुनुपर्ने।

(२) उपदफा (१) मा उल्लेखित आधार पूरा भएमा निर्देशनालयले मन्त्रालयको समन्वयमा सम्वन्धित क्षेत्रलाई एक वर्षका लागि पूर्ण खोपयुक्त क्षेत्र घोषणा गर्न सक्नेछ।

परिच्छेद: ५

आर्थिक कार्यविधि

१४. <u>बजेट सम्बन्धी व्यवस्था:</u> विज्ञ केन्द्रहरुले कार्यक्रम कार्यान्वयन गरिने स्थानीय तहको संख्या र सम्वन्धित स्थानीय तहमा रहेका पशु तथ्याङ्क यकिन गरी लागत अनुमानका आधारमा सालवसाली रुपमा वार्षिक बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ।

तर पहिलो वर्ष स्वीकृत बजेटको अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्न बाधा पुगेको मानिने छैन।

१५. <u>गणक र खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था:</u> (१) विज्ञ केन्द्रले गणकलाई करार बमोजिमको कार्य अवधिभर चौथो तहको प्रदेश निजामती कर्मचारीले प्राप्त गर्ने तलब बराबरको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

(२) खोपकर्तालाई करार बमोजिमको खोप कार्य अवधि नबढ्ने गरी चौथो तहको निजामती कर्मचारीले प्राप्त गर्ने तलब बराबरको पारिश्रमिक सहित गाईभैंसीमा खोरेत तथा एच्.एस्.बि.क्यू. र कुकुरमा रेबिज विरुद्धको खोप लगाए बापत प्रति डोज रु १० र भेडाबाख्रामा पि.पि.आर. र बंगुरमा खोरेत तथा बंगुरको हैजा विरुद्धको खोप लगाए बापत प्रति डोज रु ५ उपलब्ध गराउनु पर्नेछ।

१६. <u>खोपकर्ताको बीमा सम्बन्धी व्यवस्था:</u> विज्ञ केन्द्रले खोपकर्ताका लागि करार अवधिभरका लागि दुई लाख रुपैयाँ बराबरको जीवन बीमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

परिच्छेद: ६

विविध

१७. <u>कार्यविधिको संशोधन गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकार:</u>(१) यस कार्यविधिको व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १

(दफा २ को उपदफा (ग) सँग सम्बन्धित)

**पूर्ण खोप कार्यक्रमका लागि खोप तालिका**

| प्रजाति | खोप | प्रति पशु खोप लगाउने पटक | न्यूतम उमेर |
|---|---|---|---|
| गाईभैंसी | खोरेत | वर्षमा २ पटक | ६ महिना |
| | एच.एस.बि.क्यू | वर्षमा १ पटक | ६ महिना |
| भेडाबाखा | पि.पि.आर. | २ वर्षमा १ पटक | ३ महिना |
| बंगुर | खोरेत | वर्षमा २ पटक | ६ हप्ता |
| | बंगुरको हैजा | वर्षमा १ पटक | ६ हप्ता |
| कुकुर | रेबिज | वर्षमा १ पटक | ३ महिना |

अनुसूची २

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## पशु तथ्याङ्क संकलन फारम

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ....................

गण्डकी प्रदेश

### पशुको पूर्ण खोप कार्यक्रम

### पशु तथ्याङ्क संकलन फारम (घरधुरी अनुसार गणकले भर्ने)

जिल्लाः　　　　　　　　　　　　　　　　　　　　स्थानीय तहः

वडा नं.　　　　　　　　　　　　　　　　　　　　टोलः

पशुधनीको नामः

| क सं | पशुको विवरण | | | | | पशुपालन सम्बन्धी अन्य विवरण | |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोप लगाएको भए खोपको नाम र लगाएको मिति | आन्तरिक परजीवि विरुद्ध औषधि खुवाएको/ नखुवाएको (विगत ६ महिना भित्र) | | |
| १ | | | | | | फर्म दर्ता गरे नगरेको: | |
| २ | | | | | | जग्गाको स्वामित्व र क्षेत्रफल: | |
| ३ | | | | | | घाँस खेती गरेको क्षेत्रफल: | |
| ४ | | | | | | पशुपालनबाट बार्षिक आम्दानी: | |
| ५ | | | | | | पशु बिमा गरे नगरेको | |
| ६ | | | | | | पशुपालनमा लगानी (निजी/ऋण) | |
| ७ | | | | | | रोजगारी सृजना: | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |

| प्रजाति | गाई | भैंसी | भेडा | बाख्रा | बंगुर | कुकुर |
|---|---|---|---|---|---|---|
| जम्मा पशु संख्या | | | | | | |

गणकको नामः

गणकको हस्ताक्षरः

यस फारममा दिइएका हरफ नपुगेमा यसै फारमको पछाडिको पेज प्रयोग गर्नुहोला।

अनुसूची ३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**खोप कार्यका लागि आवश्यक सामाग्रीहरु**

१. सिरिन्ज र निडिल
२. ग्लोभ्स्
३. कपास
४. खोप कार्ड
५. स्टेशनरी सामाग्रीहरु
६. गमबुट
७. एप्रोन, मास्क, हेडकभर
८. डिसइन्फेक्टेन्ट
९. कुल बक्स
१०. स्प्रिट
११. खोप विवरण सम्बन्धी फारमहरु
१२. डिस्पोजल किट
१३. रेनकोट, झोला, टर्च लाईट
१४. सेनिटाईजर

Date |

अनुसूची ४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## खोप कार्डको नमूना

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .....................

गण्डकी प्रदेश

पशुको पूर्ण खोप कार्यक्रम

### खोप कार्ड

स्थानीय तहः

जिल्लाः

वडा नं.

टोलः

पशुधनीको नामः

| क्र सं. | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोपको नाम | लगाएको मिति | अर्को पटक खोप लगाउने मिति | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |

खोपकर्ताको नामः

खोपकर्ताको हस्ताक्षरः

द्रष्टव्यः एक प्रति पशुधनीलाई दिने र एक प्रति खोप कर्ताले सम्बन्धित निकायमा बुझाउने।

यस फारममा दिइएका हरफ नपुगेमा यसै फारमको पछाडिको पेज प्रयोग गर्नुहोला।

अनुसूची ५

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

खोप विवरण कम्पाइलेसन फारम

जिल्ला: ............................ स्थानीय तह ............................................................ वडा नं.:.......

टोल:.............................. खोप कार्यक्रम सञ्चालन अवधि: ..................देखि..............सम्म

| क्र सं | पशुधनीको नाम | प्रजाति अनुसार खोप लगाएको पशु संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई | | भैंसी | | भेडा | बाख्रा | बंगुर | | कुकुर |
| | | खोरेत | एच.एस.बि.क्यू. | खोरेत | एच.एस.बि.क्यू. | | | खोरेत | बंगुरको हैजा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |

खोपकर्ताको:

नामथर:

हस्ताक्षर:

मिति:

प्रमाणित गर्ने:

नामथर:

हस्ताक्षर:

मिति